लोक सेवा आयोग
# सुर्खेत कार्यालय
(परीक्षा शाखा)
वीरेन्द्रनगर, सुर्खेत

## सूचना नं. ८८/०८१-८२, मिति: २०८२/१/३१
## मिटररिडिङ सुपरभाइजर पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

लोक सेवा आयोग, सुर्खेत कार्यालय, सुर्खेतबाट सञ्चालन हुने नेपाल विद्युत प्राधिकरणको विज्ञापन नं.२०८१/८२/प्र.५/६०१ (खुला तथा समावेशी), कर्णाली प्रदेश, प्रशासन सेवा, प्रशासन समूह, प्रशासन उपसमूह, तह-५, मिटररिडिङ सुपरभाइजर पदका लागि सुर्खेत परीक्षा केन्द्र राखी दरखास्त दिएका उम्मेदवारहरूको प्रतियोगितात्मक लिखित परीक्षा निम्न मिति, समय र स्थानमा सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

साथै, सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाण सहितका कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ।

**परीक्षा कार्यक्रम**

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह, तह | पत्र | मिति, समय, अवधि |
|---|---|---|---|---|
| १ | २०८१/८२/प्र. ५/६०१ (खुला तथा समावेशी), कर्णाली प्रदेश | मिटररिडिङ सुपरभाइजर, प्रशासन, प्रशासन, प्रशासन, ५ | प्रथम पत्र | २०८२ जेठ १५ गते, (दिनको १:०० बजे), २ घण्टा |
| | | | द्वितीय पत्र | २०८२ जेठ १७ गते, (दिनको १:०० बजे), २ घण्टा ३० मिनेट |

**परीक्षा केन्द्र**

| क्र.स. | रोल नं. | | परीक्षा केन्द्र | उम्मेदवार संख्या |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | १२८० | ८०४० | श्री देउती टेक्निकल इन्स्टिच्यूट, भेटेरीनरी लाइन, सुर्खेत | २०० |
| २ | ८०६५ | १८१७७ | श्री लोक सेवा आयोग, सुर्खेत कार्यालय (परीक्षा भवन), परीक्षा केन्द्र | २५९ |

**द्रष्टब्य :- (परीक्षार्थीहरूले अनिवार्य रुपमा पालना गर्नु पर्ने विषयहरू)**

१. आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन।

२. प्रवेशपत्र बिना परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा सञ्चालन हुनु भन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नु पर्नेछ। प्रवेशपत्रको प्रतिलिपि आवश्यक पर्ने उम्मेदवारले सम्बन्धित कार्यालयबाट सञ्चालन हुनु भन्दा एक दिन अगावै प्रवेशपत्र लिइसक्नु पर्नेछ।

३. परीक्षार्थीले **नेपाली नागरिकताको सक्कल प्रमाण पत्र वा नेपाल सरकारद्वारा जारी गरिएको फोटो सहितको कुनै परिचय-पत्र** सहित उपस्थित हुनु होला अन्यथा परीक्षामा सम्मिलित गराइने छैन।

४. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशन पूर्णरुपमा पालना गर्नु पर्नेछ।

५. परीक्षा भवनमा **झोला, मोबाइल, स्मार्ट घडी तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरू** लैजान निषेध गरिएको छ।

६. परीक्षामा कालो मसी भएको **कलम/डटपेन** मात्र प्रयोग गर्नु पर्नेछ।

७. बस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी अक्षर (Capital Letter) A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ।

(बृज लाल चौधरी)
कम्प्युटर अपरेटर

(सरस्वती सापकोटा)
शाखा अधिकृत

(आनन्द पौडेल)
उपसचिव

फोन नं. ०८३-५२०१०६, फ्याक्स नं. ०८३-५२१८०३, website: www.psc.gov.np, Email: surkhet@psc.gov.np